# गौशाला नगरपालिका

## नगर कार्यापालिकाको कार्यालय

गौशाला, महोत्तरी

प्रदेश नं. २ नेपाल

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा

*(प्रथम पटक प्रकाशित मिति २०७६/०१/३१)*

यस गौशाला नगरपालिका अन्तर्गत तपशिल बमोजिमका पदहरूमा २०७६ अषाढ मसान्त सम्मको लागी करार सेवामा नियुक्त गर्नुपर्ने भएकोले निम्न शर्तको अधिनमा रहि निम्न योग्यता पुगेका नेपाली नागरिकहरूबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको सम्बन्धित सेवा समुहको रितपुर्वकको दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नहुन यो सुचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं. | पद/तह | आवश्यक पद संख्या | तह | परिक्षा दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | ०१/०७५/०७६ | अ.हे.व. | ५ | चौथो | ५०० /- |
| २. | ०२/०७५/०७६ | अ.न.मी. | ७ | चौथो | ५०० /- |
| ३. | ०३/०७५/०७६ | कार्यालय सहयोगी | ७ | श्रेणी विहिन | ३०० /- |

**शैक्षिक योग्यता तथा पेश गर्नु पर्ने कागजातहरू:-**

१. अ.हे.व. :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. उत्तीर्ण वा सो विषयमा सो माथिको शैक्षिक योग्यताको प्रमाणपत्र साथै सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

२. अ.न.मी. :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी वा वा सो विषयमा सो माथिको शैक्षिक योग्यताको प्रमाणपत्र साथै सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

३. कार्यालय सहयोगी: साधारण लेखपढ।

नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रतिलिपि, कार्यानुभव भए सोको कागजात, पासपोर्ट साईजको फोटो (दुई प्रति), पेश गरिएको सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

४. दरखास्त दस्तुर गौशाला न.पा.को राजश्व शाखामा जम्मा गरी नगदी रसिदको सक्कलै भौचर दरखास्त फारम साथ पेश गर्नु पर्नेछ।

५. उमेरको हकमा १८ वर्ष पुरा भएको र ४५ वर्ष ननाघेको।

६. दरखास्त दिनु पर्ने अन्तिम मिति: २०७६/०२/१४ गते।

७. सम्पर्क मिति: २०७६/०२/ १५ गते

८. परिक्षाको किसिम: अन्तर्वार्ता

९. अन्तर्वार्ता मिति: पछि सुचना प्रकाशन गरिने छ।

१०. सेवा सुबिधा: न.पा. को सम्झौता अनुसार।

११. यसमा उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१२. बिस्तृत जानकारीको लागी गौशाला नगरपालिकाको सूचना प्रविधी शाखा (सम्पर्क नं. ९८४९८७५१३४) तथा कार्यालयको वेबसाईट www.gaushalamun.gov.np मा हेर्न हुन अनुरोध छ।

द्रष्टव्य: *रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।*

**प्रमुख प्रशासकीय अधिकृत**